का.जि.प्र.का.द.नं. १००/०५९/६०

१ वैशाख २०८०,
शुक्रबार
14 April 2023,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ७९ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com




## प्रचण्डको प्रतिवाद

# व्यक्ति हत्याको जिम्मा लिएको छैन



म सम्मानित सर्वोच्च अदालतबाट भएका फैसला एवं आदेशको कार्यान्वयन गरी नेपालको शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउनुपर्छ भन्ने कुरामा सदैव कटिबद्ध रहेको छु ।

**प्रचण्ड**, प्रधानमन्त्री

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३० चैत ।

प्रधानमन्त्री एवम् नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले १० वर्षे सशस्त्र द्वन्द्वका क्रममा भएका घटनाहरुको सन्दर्भमा व्यक्ति हत्याको जिम्मा आफूले नलिएको प्रष्टीकरण दिएका छन् । प्रचण्डले सार्वजनिक रुपमा ५ हजार जनाको हत्याको जिम्मेवारी लिएको दाबी गर्दै सर्वोच्च अदालतमा रिट परेको छ। उक्त रिटको सुनुवाई गर्दै सर्वोच्च अदालतले दिएको कारण देखाउ आदेशपछि जवाफ पठाउँदै प्रचण्डले आफूले व्यक्ति हत्याको जिम्मा पृष्ठ २ मा

## बढ्दो बेरुजु

# एकातिर उद्देश्य अर्कातिर परिणाम

केन्द्रदेखि स्थानीय तहसम्मका सरकारले सुशासनको चर्को नारा लगाएपनि बेरुजु बढ्दो छ । बेरुजु शून्य बनाउने हरेक सरकारले प्रतिबद्धता गरेपनि महालेखाको प्रतिवेदनले अवस्था उस्तै रहेको देखाउँछ ।



**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३० चैत ।

महालेखा परीक्षकको कार्यालयले राष्ट्रपति समक्ष वार्षिक प्रतिवेदन बुझाएको छ । राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष महालेखापरीक्षक टंकमणि शर्मा दंगालले बिहीबार शीतल निवासमा आयोजित समारोहमा प्रतिवेदन बुझाएका हुन् ।

नेपालको संविधानको धारा २९४ को उपधारा (१) बमोजिम आर्थिक वर्ष २०७८/०७९ को महालेखा परीक्षकको ६०औं वार्षिक प्रतिवेदन पेश गरेको राष्ट्रपति कार्यालयल जनाएको छ। महालेखापरीक्षकको प्रतिवेदनले वर्षेनि बेरुजु रकममा बृद्धि भएको देखाएको छ ।

सरकारको हालसम्मको कूल बेरुजु नौ खर्ब ५९ अर्ब ७९ करोड नाघेको छ । महालेखा परीक्षकको कार्यालयले बुधबार राष्ट्रपति समक्ष बुझाएको ६०औं वार्षिक प्रतिवेदनअनुसार संघीय तथा प्रदेशका सरकारी निकाय, स्थानीय तह, संगठित संस्था, समिति र अन्य संस्थासमेत कूल छ हजार पाँच सय पृष्ठ २ मा

### कर्णालीको बेरुजु उस्तै

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको प्रतिवेदन अनुसार सबैभन्दा धेरै कर्णाली प्रदेशमा ४.४३ प्रतिशत अर्थात १ अर्ब ६८ करोड ९३ लाख रुपैयाँ बेरुजु देखिएको छ ।

यस्तै सबैभन्दा कम बेरुजु गण्डकी प्रदेशमा १.२४ अर्थात ४९ करोड ३५ लाख रुपैयाँ देखिएको छ । कोशी प्रदेशको ३.३० प्रतिशत बजेट यस्तै १ अर्ब ६४ करोड ६३ लाख बेरुजु देखिएको छ ।

मधेशको १ अर्ब १६ करोड ३३ लाख अर्थात २.६९ प्रतिशत, बागमतीको गत आर्थिक वर्षमा १ अर्ब ५ करोड ३१ लाख गरी १.३७ प्रतिशत बेरुजु देखिएको छ । लुम्बिनी प्रदेशले १ अर्ब ४९ करोड ८१ लाख अर्थाात २.६२ र सुदूरपश्चिम प्रदेशको २.५८ प्रतिशत अर्थात ९१ करोड ९६ लाख बेरुजु देखिएको छ । प्रदेश सरकार मातहतका सरकारी पृष्ठ २ मा

### अर्थ मन्त्रालयकै बेरुजु धेरै

मन्त्रालयगत रुपमा सबैभन्दा धेरै बेरुजु अर्थ मन्त्रालयकै रहेको पाइएको छ । संघीय सरकारी कार्यालयतर्फ आर्थिक वर्ष २०७८/७९ मा रकमगत आधारमा अर्थ मन्त्रालयको मात्रै बेरुजु ५७. ६६ प्रतिशत बराबर छ ।

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको प्रतिवेदनअनुसार अर्थपछि भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयको बेरुजु प्रतिशत १५.६२ रहेको छ । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको ४.८१, कृषि तथा पशुपन्छी विकास मन्त्रालयको ४.५१, गृहको २.७९, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको २.३८, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको २.३ प्रतिशत बेरुजु छ ।

शहरी विकासको १.९५, खानेपानी मन्त्रालयको १.५६, पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# आप्रवासी श्रमिकको मानव अधिकारबारे आयोगको चासो

**काठमाडौं/रासस–** राष्ट्रिय मानव अधिकार आयोगले आप्रवासी श्रमिकको मानव अधिकार संरक्षण सम्बन्धमा सरकारलाई सिफारिस गरेको छ। आप्रवासी नेपाली श्रमिकहरुको मानवअधिकार संरक्षणका लागि गन्तव्य मुलुकका राष्ट्रिय मानव अधिकार संस्थासँग द्विपक्षीय समझदारी भई उजुरी प्रेषणजस्ता कार्य हुँदै आएका छन् ।

वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाउने सन्दर्भमा आयोगले २०७५ सालमा १६ बुँदा र २०७७ मा कोभिड-१९ को सन्दर्भमा नौ वटा क्षेत्रमा सिफारिस गरेको स्मरण गराएको छ। हालै प्रकाशन गरिएको प्रतिवेदनका आधारमा नेपाल सरकारलाई ५८ बुँदामा सिफारिस गरिएको छ ।

सिफारिसमा आप्रवासी श्रमिकको भर्ना प्रक्रियालाई संस्थागत गरी जिम्मेवार बनाउने सम्बन्धमा सात बुँदे गन्तव्य मुलुक र स्वदेशमा आप्रवासी श्रमिकको न्यायमा पहुँच बढाउने सम्बन्धमा तीन बुँदा, दूत उद्धार, सम्मानजनक फिर्ती र दीगो पुन: एकीकरण सुनिश्चित गर्ने सम्बन्धमा नौ बुँदा सिफारिस गरेको छ ।

महिला आप्रवासी श्रमिकको जोखिम न्यूनीकरण गर्ने सम्बन्धमा छ बुँदे, आप्रवासी श्रमिकका सन्तानलाई बालअधिकार ऐन, वैदेशिक रोजगार नीति र विकासका सवालमा समावेश गर्ने सम्बन्धमा दुई बुँदे, आप्रवासी श्रमिक र तिनका परिवारका सदस्यको बाँच्न पाउने अधिकार र स्वास्थ्यको अधिकार सुनिश्चित गर्ने सम्बन्धमा सात बुँदे, सूचना, नियमित तथ्यांक संकलन र आप्रवासन सुशासन सुनिश्चित गर्ने सम्बन्धमा १४ बुँदे र सामान्य सिफरिसमा १० बुँदे सिफारिस रहेको छ ।

आयोगले विगत तीन वर्ष (आव २०७६/७७, २०७७/७८ र २०७८/७९) को अवधिका सूचना, जानकारी, तथ्यांक एवं अध्ययन, अनुगमन र अनुसन्धानका आधारमा 'आप्रवासी नेपाली श्रमिकको मानवअधिकार अवस्था प्रतिवेदन, २०७९' प्रकाशन गरेको थियो । उक्त प्रतिवेदनमा उल्लेखित पृष्ठ २ मा

### बिशु मनाउन घर फर्कंदै परदेशीहरु



**दिपकराज भट्ट/मध्यान्ह**
डडेल्धुरा, ३० चैत

डडेल्धुरा लगायत सुदुरपश्चिममा बिशु अर्थात् नयाँ वर्षलाई दशैं तिहार जतिकै मान्ने प्रचलन रहेको छ । नयाँ वर्षमा कुल देवताको पूजापाठ गर्नकै लागि परदेशीएकाहरु आफ्नो जन्म घर फर्कने गर्छन् ।

रोजगारीको क्रममा विदेशीनेहरु चैते दशैंका लागि घर आउने गर्छन्। डडेल्धुराका मेघराज भट्ट एक वर्ष अगाडि रोजगारीका लागि छिमेकी मुलुक भारत पृष्ठ २ मा






मध्यान्ह
www.madhyanhadaily.com
१ वैशाख २०८०, शुक्रबार
14 April 2023, Friday

# नव वर्ष २०८० लाई स्वागत गरिँदै



**काठमाडौं/मस–** आज विक्रम संवत् दुई हजार असी (२०८०) साल वैशाख १ गते नयाँ वर्षको पहिलो दिन नेपालभर एकआपसमा शुभकामना आदानप्रदान गरी हर्षोल्लास साथ मनाइँदैछ। सूर्यले मीन राशिको भोग समाप्त गरी मेष राशिबाट भोग सुरु गर्ने दिन, वैशाख सङ्क्रान्ति अर्थात् मेष सङ्क्रान्ति तथा वर्षको जेठो दिन पनि हो। सूर्यको गतिसँग चल्ने भएकाले विक्रम संवत् शाश्वत भएको राष्ट्रिय धर्मसभाका अध्यक्ष प्रा डा.माधव भट्टराई बताउँछन्।

'विक्रम ६० संवत्सरमध्ये एक र आदित्य सूर्यसँग सम्बन्धित भएकाले यसलाई विक्रमादित्य संवत् भनिएको हो, सूर्यको गति र स्थितिअनुसार विक्रम संवत् चल्दछ, शक संवत्का विशेषतादेखि इश्वी संवत्का व्यावहारिक गुण यसभित्र समावेश गरिएको छ', उनले भने।

सूर्य मेष राशिमा प्रवेश गर्दा शुरु भएर मीन राशि छोड्दा यो संवत्को पुरानो वर्ष सकिएर नयाँ वर्ष सुरु हुने भएकाले वैज्ञानिक रहेको विद्वनहरुको भनाइ छ। सौरमान र चान्द्रमानको समन्वय पनि यो संवत्मा भएको छ। कलि युग सुरु भएको तीन हजार ४४ वर्षपछि विक्रम संवत् शुरु भएको हो।

हरेक व्यक्तिले आज गत वर्ष गरेका कामको सफलता/असफलता मूल्यांकन गरी असफलता दोहोरिन नदिने र सफलता प्राप्त गर्न योजना निर्माण एवं संकल्प गर्दछन्। आज बिहानै नुहाउने, घरकोठा-आँगन सफा गर्ने, मीठोमीठो खाने, साथीसङ्गाती तथा इष्टमित्रसँग भेटघाट गरी एकआपसमा शुभकामना आदानप्रदान गर्ने गरिन्छ। विश्वका जुनसुकै कुनामा बस्ने नेपालीले वैशाख १ गतेलाई नयाँ वर्षका रुपमा मनाउँछन्।

चान्द्रमानअनुसार चैत्र शुक्ल प्रतिपदाका दिन नै सुरु हुने नयाँ संवत्सर भने चैत ८ गतेदेखि नै सुरु भइसकेको समितिले जनाएको छ। चैत ८ गतेदेखि पिङ्गल नामको संवत्सर शुरु भएको समितिका अध्यक्ष प्रा.श्रीकृष्ण अधिकारीले बताए। वैदिक सनातन हिन्दू धर्मअनुसार ६० संवत्सर छन्। यी संवत्सर आदि अनादिकालदेखि घुम्दै आएका छन्। षष्टि संवत्सरमध्येको पहिलोको नाम प्रभाव हो। अहिले चलिरहेको पिङ्गल ५१औं संवत्सर हो। यसअघि नल नामको संवत्सर रहेको थियो। प्रत्येक संवत्सरको बेग्लाबेग्लै फल हुने 'षष्टि संवत्सर' नामक पुस्तकका लेखक वेदराज पन्त बताउँछन्।

# हिमाल सफाइ अभियान टोली आधार शिविरमा



**काठमाडौं/मस–** नेपाली सेनाका प्रमुख सेनानी किशोर अधिकारीको नेतृत्वको १३ जनाको टोली सगरमाथा आधार शिविरमा पुगेको छ। सगरमाथा, ल्होत्से, बरुञ्चे र अन्नपूर्ण हिमाल सफाइ कार्य गर्न खटिएका नेपाली सेनाको जनशक्तिमध्ये सगरमाथा र ल्होत्से हिमालका लागि खटिएको टोली आधार शिविर पुगेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

सेनाले जैविक विविधता तथा पर्यावरण संरक्षण गर्ने उद्देश्य अनुरुप सरकारको राष्ट्रिय कार्यक्रमअन्तर्गत सेनाको अगुवाइमा यही चैत १४ गते त्यसतर्फ प्रस्थान गरेको थियो। अन्नपूर्ण हिमाल सफाइमा संलग्न टोलीले भने चैत १७ गते नै अन्नपूर्ण आधार शिविर पुगी फोहोर सङ्कलन शुरु गरिसकेको छ।

बरुञ्चे हिमाल सफाइ टोली उक्त हिमालको आधार शिविर पुग्ने क्रममा छ। ती टोली हिमाल सफाइ कार्यलाई थप प्रभावकारी बनाउन आफूलाई हिमाली वातावरण अनुकूल तुल्याउन विभिन्न क्रियाकलापमा जुटेका छन्।

सगरमाथा, ल्होत्से, अन्नपूर्ण र बरुञ्चे हिमालबाट यस वर्ष करिब ३५ टन फोहोर सङ्कलन गर्ने लक्ष्य छ। अभियानले विश्वव्यापी चुनौतीका रूपमा रहेको वातावरणीय प्रदूषण तथा विश्व तापमानको असरलाई न्यून गर्न सचेतना अभिवृद्धि हुने विश्वास लिइएको छ।

**प्रधानसेनापति र अष्ट्रेलियाका राजदूतबीच भेटवार्ता**

प्रधान सेनापति प्रभुराम शर्मासँग नेपालका अष्ट्रेलियाका राजदूत फेलिसिटी भोल्कले बिहीबार शिष्टाचार भेटवार्ता भएको छ। सैनिक मुख्यालय जङ्गी अड्डामा भएको उनीहरुबीचको भेटमा दुई पक्षीय हित तथा पारस्परिक सम्बन्धका विषयमा विचार विमर्श भएको निर्देशनालयले जनाएको छ।

यसैबीच, प्रधानसेनापति शर्माले सहायकरथीबाट उपरथीमा बढुवा भएका सुदर्शन सिल्वाललाई दर्ज्यानी चिन्ह प्रदान गरेका छन्।

मन्त्रिपरिषद्को यही चैत २४ गतेको निर्णय अनुरुप उपरथीमा बढुवा भएका सिल्वाललाई सैनिक मुख्यालयले सैनिक इन्टेलिजेन्स महानिर्देशकको जिम्मेवारी दिएको छ। महारथी शर्माले प्रमुख सेनानीबाट पदोन्नती भएका तीन महासेनानीलाई पनि दर्ज्यानी चिन्ह प्रदान गरेका निर्देशनालयले जनाएको छ।

## शान्ति सैनिकहरूको अदलीबदली

**काठमाडौं/मस–** सेन्ट्रल अफ्रिकन रिपब्लिकमा तैनाथ नेपाली शान्ति सैनिकहरुको अदलीबदली गरिएको छ। संयुक्त राष्ट्रसंघको आह्वानमा शान्ति स्थापना कार्यका लागि सेन्ट्रल अफ्रिकन रिपब्लिकमा तैनाथ युनाइटेड नेशन मल्टिडाइमेन्सनल इन्टिग्रेटेड स्टेबलाइजेशन मिसनमा सहभागी जबरजंग गण चौथो डफ्फा र सैनिक प्रहरी युनिट सातौं डफ्फालाई बदली गर्नका लागि भवानीबक्स गण, पाँचौं डफ्फा र सैनिक प्रहरी युनिट, आठौं डफ्फाका १६३ जना सैनिकहरूको अन्तिम टोली मिसन इलाकातर्फ प्रस्थान गरेको नेपाली सेनाले जानकारी दिएको छ। प्रमुख सेनानी रितबहादुर रानाभाटको कमाण्डमा खटिएको उक्त गणका ४६७ तथा सैनिक प्रहरी युनिटका १०३ जना गरी जम्मा ५७० सकलदर्जाहरु यस अगावै मिशन इलाकामा पुगिसकेको सेनाले जनाएको छ।

यस्तै उक्त मिशनमा तैनाथ जबरजंग गण, चौथो डफ्फा र सैनिक प्रहरी युनिट, सातौं डफ्फाका १६२ जना सैनिकहरु प्रमुख सेनानी राजेश बिक्रम शाहीको नेतृत्वमा बुधबार स्वदेश फिर्ता भइसकेको नेपाली सेनाले जानकारी दिएको छ।

# संघीय शिक्षा ऐन तत्काल पारित गर्न माग




**काठमाडौं/मस–** प्रगतिशील नेपाल राष्ट्रिय शिक्षक संगठनले संघीय शिक्षा ऐन तत्काल जारी गर्दै शिक्षकका समस्या समाधान गर्न माग गरेको छ। बिहीबार आयोजित पत्रकार सम्मेलनमा संगठनका अध्यक्ष हिक्मतबहादुर बस्नेतले शैक्षिक र पेसागत क्षेत्रका समस्या समाधानका लागि संघीय शिक्षा ऐनलगायत शिक्षा सम्बन्धित कानून र नियमावली सकेसम्म चाँडो जारी गर्न सरकारको ध्यानाकर्षण गराए। उनले संगठनको महाअधिवेशनबाट पारित १८ बुँदे प्रस्ताव सुनाउँदै भने, 'संघीय शिक्षा ऐन यथाशीघ्र जारी होस्।' उनले एकद्वार प्रणालीद्वारा शिक्षक व्यवस्थापन गर्न मागसमेत गरे। 'यो महाधिवेशन शिक्षा आयोगमार्फत शिक्षक सेवा आयोग गठन गरी शिक्षकको स्थायी नियुक्ति, बढुवा, सरुवा र वृत्तिविकासलाई संस्थागत गर्न जोडदार माग गर्दछ', उनले भने। संगठनको प्रथम अधिवेशन चैत २८ र २९ गते काठमाडौंमा सम्पन्न भएको थियो। अधिवेशनद्वारा पारित प्रस्तावमा कूल बजेटको न्यूनतम २० प्रतिशत बजेट शिक्षा क्षेत्रका लागि विनियोजन हुनुपर्ने, अन्य कर्मचारीभन्दा १० प्रतिशत बढी तलब सुविधाको व्यवस्था र विशिष्ट श्रेणीसम्म बढुवाको माग गरिएको छ। यस्तै, शिक्षकमाथि भएको विभेदपूर्ण सेवा सुविधाको मिलान र दरबन्दी कायम गरी सेवा निरन्तरतासम्बन्धी प्रस्ताव गरिएको छ।

अधिवेशनले अध्यक्ष बस्नेतकै अध्यक्षतामा पुनः २५ पदाधिकारी र ७४ सदस्य गरी ९९ सदस्यीय केन्द्रीय समिति चयन गरेको थियो। यस्तै, शिक्षक राजेन्द्र तिम्सिनाको संयोजकत्वमा तीन सदस्यीय लेखा समिति चयन गरिएको थियो।

# वृद्धको पेटमा बोतल



**काठमाडौं/मस–** सेती प्रादेशिक अस्पताल धनगढीमा उपचारका लागि पुगेका एक वृद्धको पेटमा बोतल भेटिएको छ। ६१ वर्षीय जमनसिंह रोकामगरको एक्सरे गर्दा पेटमा रक्सीको बोतल देखिएको प्रादेशिक अस्पतालका सूचना अधिकारी मेखराज उपाध्यक्षले जानकारी दिए। उनकाअनुसार बिहीबार पेट दुखेपछि अस्पताल आएका रोकामगरको एक्सरे गर्ने क्रममा बोतल देखिएको हो।

केही दिनअघि मदिरा सेवन गर्ने क्रममा साथीले मलद्वारबाट बोतल पेटमा घुसाइदिएको उनले बताएका छन्। यसअघि रौतहटका एक युवाको पेटमा पनि बोतल भेटिएको थियो। चितवनको भरतपुरस्थित पुरानो मेडिकल कलेजमा शल्यक्रिया गरी उनको पेटबाट बोतल निकालिएको थियो। अस्पतालका सूचना अधिकारी मेघराज उपाध्यायका अनुसार उनको पेटभित्रको बोतल सकुशल निकालिएको छ।

# जबरजस्ती करणीको जाहेरी दर्ता गर्न घुस माग्ने असई पक्राउ

**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ९ हजार रुपैयाँ घुस रकमसहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा इलाका प्रहरी कार्यालय मिर्चैया, सिरहाको मुद्दा शाखामा कार्यरत प्रहरी सहायक निरीक्षक (असई) सचिनकुमार भदैसवार रहेका छन्। उनलाई बर्दिबास महोत्तरीबाट खटिएको टोलीले बिहीबार साँझ नियन्त्रणमा लिएको अख्तियारका प्रवक्ता भोला दाहालले जानकारी दिए।

जबरजस्ती करणीको जाहेरी दर्ता गर्न सेवाग्राहीसँग घुस मागेको सूचनाको आधारमा अख्तियारको टोलीले उनलाई पक्राउ गरेको हो। प्रवक्ता भोला दाहालले दिएको जानकारीअनुसार बलात्कारको जाहेरी दर्ता गर्न सेवाग्राहीसँग ९ हजार रुपैयाँ घुस लिइसकेको अवस्थामा इलाका प्रहरी कार्यालय मिर्चैयाबाटै उनलाई पक्राउ गरिएको हो। यस सम्बन्धमा थप अनुसन्धान भइरहेको अख्तियारले जनाएको छ।

# बिस्केट जात्रामा चार दिन बिदा



**भक्तपुर/मस–** नयाँ वर्षको अवसरमा मध्यपुर थिमि नगरपालिकाले चार दिन सार्वजनिक बिदा दिएको छ। नयाँ वर्षमा यहाँ मनाइने ऐतिहासिक एवं सांस्कृतिक महत्वको बिस्का: अर्थात् बिस्केट जात्रा स्थानीयले बिहीबारदेखि भव्यरूपमा मनाउने भएपछि नगरपालिकाले सार्वजनिक बिदा दिने निर्णय गरेको हो।

नगरपालिकाका उपप्रमुख विजयकृष्ण श्रेष्ठका अनुसार यस वर्ष चैत ३० देखि वैशाख ३ गतेसम्म सार्वजनिक बिदा दिने निर्णय गरिएको छ। हरेक नयाँ वर्षमा मध्यपुर थिमिमा भव्यरूपमा बिस्केट जात्रा मनाइन्छ।

स्थानीय बासिन्दाका लागि यो ठूलो चाड हो। यहाँ वैशाख २ गते ३२ खट जात्रा भव्यरूपमा सिन्दुर खेलेर बोडेमा जिब्रो छेडेर ऐतिहासिक जात्रा मनाइन्छ। उनले भने, 'स्थानीय तहले बिदा नदिँदा यहाँका बासिन्दाले चाड राम्रोसँग मनाउन पाएका थिएनन्, त्यसैले यस वर्षदेखि चार दिन बिदा दिने निर्णय गरेका हौं।'

विस्केट जात्रालाई विशेषगरी भक्तपुर जिल्लाभरिमा नेवार समुदायले दशैंभन्दा ठूलो चाडका रूपमा मनाउने गर्दछन्। मठमन्दिरमा बलि पूजा गर्ने, विदेशमा रहेका आफन्त पनि बिस्केटलाई घर आउने र जात्रामा नातेदार, आफन्तलाई भोज खुवाएर नौ दिन आठ रातसम्म भव्यरूपमा मनाउने गरिन्छ।

बिहीबार मध्यपुर थिमिको बोडेस्थित महालक्ष्मी मन्दिर अगाडि लिंगो उठाइएको छ। मध्यपुर थिमि नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठ, उपप्रमुख विजयकृष्ण श्रेष्ठ, वडाध्यक्ष रमेश थापा श्रेष्ठलगायतको उपस्थितिमा स्थानीयले मन्दिर अगाडि लिंगो उठाएका हुन्।

तान्त्रिक विधि पूरा गरी बिहान स्थानीयले लिंगो उठाएपछि थिमि क्षेत्रको जात्रा एवं पर्वको विधिवतरूपमा शुरु हुने, मठमन्दिरमा मेला लाग्ने र भोज शुरु हुने परम्परा रहेको स्थानीय दिलकृष्ण प्रजापतिले जानकारी दिए। 'महालक्ष्मी मन्दिर अगाडि लिंगो उठाएर जिब्रो छेड्ने जात्राको साइत गरिएको हो। यस मन्दिर अगाडि लिंगो उठाएपछि जिब्रो छेड्ने जात्रा पनि शुरु भएको मानिन्छ', उनले भने।

यहाँ बिहीबार नै कुमारीको रथ लहीटोलमा पुऱ्याइएको छ भने राति करिब नौ बजे निलबारही जङ्गलबाट ल्याएको दाउरा बालेर पूजा गरिएको छ। योसँगै जिब्रो छेड्ने २७ वर्षीय सुजन वांग श्रेष्ठले व्रत प्रारम्भ गरेका छन्। उनले वैशाख २ गते जिब्रो छेड्नेछन्।

बिहीबार व्रत शुरु भएपछि श्रेष्ठले केही खान नहुने, महिलासँग बोल्न, छुन नुहने, कुकुर, कुखुरा, बिरालोलगायतका पशुपक्षीलाई छुन नुहने परम्परा रहेको बताए। मध्यपुर थिमिमा बिस्केट जात्राको अवसरमा सिन्दुर जात्रा विष्णुवीर जात्रा, रात्रिको चान्हेसिया जात्रा, सिद्धिकाली जात्रालगायतका जात्रा एवं पर्व स्थानीयले भव्यरूपमा मनाउने गरेका छन्।

## प्रचण्डको ...

नलिएको प्रटीकरण दिएका छन्। बरु शान्ति प्रक्रिया छिटो सकिनुपर्छ भन्नेमा आफू रहेको उनले बताएका छन्। 'म सम्मानित सर्वोच्च अदालतबाट भएका फैसला एवं आदेशको कार्यान्वयन गरी नेपालको शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउनुपर्छ भन्ने कुरामा सदैव कटिबद्ध रहेको छु' प्रचण्डले सर्वोच्च अदालतमा बुझाएको लिखित जवाफमा उल्लेख छ।

१ माघ २०७६ मा काठमाडौंको टुँडिखेलमा भएको एक सार्वजनिक कार्यक्रममा प्रचण्डले १७ हजार मारेर आएको आरोपको प्रतिवाद गरेका थिए।

'यो सत्य होइन। हिजोका सामन्त राजाहरुले १२ हजार मारेका हुन्, मलाई ५ हजारको जिम्मा दिनुहुन्छ भने म लिन्छु। तर हिजो राज्यले मारेका १२ हजारको कुरा नहुने, त्यो पनि मेरै टाउकोमा हालियो भने न्याय हुँदैन। मैले सधैं भन्ने गरेको छु, हिजोको युद्धमा भएका राम्रा नराम्रा कामका म जिम्मेवारी लिन्छु। म त्यसबाट भाग्ने हुनै सक्दैन। तर नगरेको कामको दोष पनि मलाई थुपार्नुभएन' त्यसबेला प्रचण्डले भनेका थिए।

त्यही अभिव्यक्तिलाई लिएर सर्वोच्चमा रिट परेको थियो। त्यसमा प्रचण्डको तर्फबाट लोकमणि पोखरेलले दिएको लिखित जवाफ दिएका हुन्। 'रिट निवेदनमा उल्लेख भएजस्तो पाँच हजार व्यक्तिको मृत्युको जिम्मेवारी लिएको अवस्था होइन' लिखित जवाफमा भनिएको छ।

प्रचण्डले आफूविरुद्ध दायर भएको रिटको कुनै संवैधानिक र कानुनी आधार नभएकाले खारेज हुनुपर्ने जिकिर गरेका पनि छन्। द्वन्द्वपीडित समेत रहेका आरणसहित कल्याण बुढाथोकीलगायतले प्रधानमन्त्री प्रचण्डले सार्वजनिक कार्यक्रममा आफूले द्वन्द्वकालमा हत्या भएका १७ हजारमध्ये ५ हजारको जिम्मा लिने भनेको दाबी गरेका थिए।

उक्त मुद्दामा जवाफ दिँदै प्रधानमन्त्री प्रचण्डले भनेका छन्, 'जनता नै इतिहासका निर्माता भएका र जनताप्रति उत्तरदायी बन्न तिनै जनताको स्वतःस्फूर्तरुपमा भएको आन्दोलनको नेतृत्व ने.क.पा. (माओवादी) ले गरेको र सो जनयुद्धका क्रममा निहत्था व्यक्तिमाथि आक्रमण गर्ने वा कुनै प्रकारका दुःख दिने गरी पार्टीबाट कुनै निर्णय नभएको र त्यस्तो आदेश नगरिएकोले रिट निवेदकहरूले जिकिर लिनु भएजस्तो अवस्था नहुँदा रिट निवेदन खारेजभागी छ।'

अन्याय र असमानताको विरुद्धमा आवाज बुलन्द गर्दै उर्लिएको उक्त स्वतःस्फूर्त जनसक्रियताको अगुवाइ नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को सक्रियता र नेतृत्वमा भएको दाबी लिखित जवाफमा गरिएको छ।

दश वर्षको घोषित सशस्त्र युद्ध र सोभन्दा पहिला पनि राज्य पक्षबाट बेपत्ता पारिएका व्यक्तिहरूको खोजी र दोषीविरूद्धको कारबाहीको विषय तथा दश वर्षे युद्धको समयमा असंख्य जनधनको क्षति भएको विषय राज्यको तर्फबाट समाधान गरिनुपर्ने दायित्वको रूपमा रहेको दाबी लिखित जवाफमा गरिएको छ।

## बढ्दो ...

४३ निकायको लेखापरीक्षण गर्दा बेरुजु साढे नौ खर्बमाथि देखिएको हो।

हालसम्मको कूल बेरुजु मध्ये अद्यावधिक बेरुजु पाँच खर्ब ८७ अर्ब ३३ करोड ७४ लाख र कारबाही टुङ्गो लगाउनुपर्ने बेरुजु तीन खर्ब ७२ अर्ब ४५ करोड १३ लाख बराबर पुगेको छ। गतवर्ष मात्रै एक खर्ब १९ अर्ब ७७ करोड बराबर बेरुजु थपिएको महालेखा परीक्षकको प्रतिवेदनबाट देखिएको छ।

गतवर्ष मात्रै सीय सरकारी निकाय तथा कार्यालयमा ५६ अर्ब ३१ करोड, प्रदेशका निकाय तथा कार्यालयमा सात अर्ब २० करोड, सरकारका विभिन्न समिति तथा संस्थाको १३ अर्ब ३८ करोड र स्थानीय तहको ४२ अर्ब ८८ करोड बराबर बेरुजु थपिएको छ।

महालेखाले गतवर्ष छ हजार पाँच सय ४६ सरकारी निकायको ७१ खर्ब ३८ अर्ब १६ करोड ७४ लाख बराबरको लेखापरीक्षण गरेको थियो। गतवर्षको मात्रै बेरुजु हेर्दा सङ्घीय निकायमध्ये सबैभन्दा धेरै अर्थ मन्त्रालयमा मात्रै ३२ अर्ब ४६ करोड ८८ लाख बराबर बेरुजु देखिएको छ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको आठ अर्ब ७९ करोड ७४ लाख, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको दुई अर्ब ७० करोड ५८ लाख र कृषि तथा पशुपक्षी विकास मन्त्रालयको दुई अर्ब ५३ करोड ७१ लाख बराबर बेरुजु थपिएको छ। लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु रकम हेर्दा सबैभन्दा बढी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको १८ दशमलव ७२ प्रतिशत बेरुजु देखिएको छ।

संवैधानिक निकाय राष्ट्रपतिको कार्यालय, उपराष्ट्रपतिको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षकको कार्यालय, न्याय परिषद् र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा भने उल्लेख्य बेरुजु नदेखिएको महालेखाले जनाएको छ। महालेखाले ३ किसिमको बेरुजु रहेको प्रतिवेदनमा उल्लेख गरेको छ। असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेश्की बेरुजु रहेका छन्।

हिनामिना र मस्यौट, हानी नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरूजु रकमलाई असुल गर्नुपर्ने वर्गमा समावेश गरेको छ। त्यस्तै, अनियमित भएको, प्रमाण कागजात नपुगेको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको रकमलार्इ नियमित गर्नुपर्ने बेरुजुमा राखेको छ। त्यस्तै, कर्मचारीको नाममा रहेको पेश्की, मोबिलाइजेशन र अन्य रकमलाई पेश्कीमा राखिएको छ।

## कर्णालीको...

कार्यालय, अन्य संस्था र समितिको आर्थिक वर्ष २०७८/०७९ मा ३ खर्ब ४० अर्ब ५९ करोड २३ लाख लेखापरीक्षण भएको मध्ये ८ अर्ब ४६ करोड ३२ लाख बेरुजू कायम देखिएको प्रतिवेदनले देखाएको छ, जुन २ दशमलव ४८ प्रतिशत हो।

२०७७/७८को बाँकी बेरुजू १९ अर्ब ६५ करोड १८ लाख रहेको मध्ये सम्परीक्षण तथा समायोजनबाट १ अर्ब १० करोड ५५ लाख मात्रै फछ्र्यौट भएको छ। बक्यौता बेरुजु १८ अर्ब ५४ करोड ६३ लाख र गत आवको ८ अर्ब ४६ करोड ३२ लाख बेरुजु थपिएर २७ अर्ब ९५ लाख बेरुजु पुगेको छ।

## अर्थ...

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको १.५४ र अन्य मन्त्रालयको ४.८८ प्रतिशत बेरुजु रहेको महालेखाले जनाएको छ। प्रतिवेदनअनुसार गत आर्थिक वर्ष १ खर्ब २९ अर्ब रुपैयाँ बराबरको बेरुजू देखिएको छ। हालसम्म फर्स्यौट हुन बाकी बेरुजू ५ खर्ब ८७ अर्ब ३४ करोड रहेको महालेखाले जनाएको छ।

## आप्रवासी...

सिफारिस कार्यान्वयनका लागि आयोगले सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पत्राचार गरेको आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले जानकारी दिए।

## बिशु...

गएका थिए। उनी नयाँ वर्षकै लागि भनेर चैत अन्तिमतिर जन्मभूमिका लागि टिकट काटेर घर फर्किए। डडेल्धुरामा नयाँ वर्षको दिन परम्परागत शैलीका गीतहरु गाउने, मिठामिठा परिकारहरु बनाउने गर्छन्। यतिमात्र नभएर कुल देवताको पूजापाठ पनि गर्ने गर्छन्।

अहिले डडेल्धुरा जिल्ला सदरमुकाम सुनसान भएको छ भने गाउँ जानेहरुको लर्को लागेको छ। जिल्ला सदरमुकाममा केही दिन अघिदेखि गाउँ जानेहरुको लर्को लाग्ने गरेपनि चैतको अन्तिम दिन साझ भने सदरमुकाम सुनसान बनेको छ।

परदेशीहरुले परदेशको पीडा भुलेर नयाँ वर्ष हर्षोल्लासका साथ मनाउने गरेका छन्। भाइचाराको सम्बन्ध मजबुद बनाउनका लागि एकआपसमा नाच खेल गर्ने चलन पनि रहेको छ।

**कागजपत्र हरायो**

मिति २०७९/१२/०५ का दिन का.जि.का.म.पा. बौद्धबाट सुन्धारा जाने क्रममा मेरो राहदानी, हङकङ आइडी लगायत सहकारीको चेकबुक हराएको हुँदा फेला पार्नु हुने महानुभावहरुले सम्पर्क गर्नुहोला।
**नामः विद्या गुरुङ**
**राहदानी नं.: १००१८९१५**
**हङकङ आइडी नं.:** R200306(5)
**सम्पर्क नं.: ९८१०३०६३९२**

**कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०१/०१**

**रोडोडेन्ड्रन ईङ्गलिस वोर्डिङ्ग स्कूल धनकुटा प्रा.लि.**को मिति २०७९/१२/०५ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एकलब्य फर्मेटिभ इङलिस बोर्डिङ्ग स्कुल प्रा.लि. (प्रा.लि.नं.: ८३६३५)**, साथै साविक ठेगाना परिवर्तन गरी **जिल्ला सुनसरी, धरान उपमहानगरपालिका–६** कायम गर्ने गरी मिति २०७९/१२/१० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# सरकार र मिटरब्याज पीडितको वार्ता भंग



**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० चैत

सरकार र मिटरब्याज पीडितबीचको वार्ता भंग भएको छ। मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदुर संघर्ष समितिले सरकारी वार्ता टोलीसँगको वार्ता भंग गरेका हुन् । बिहीबार गृह मन्त्रालयमा अन्तिम एवं निर्णायक वार्ता भएको थियो । तर सरकारी वार्ता टोलीले आफ्ना मागहरु सम्बोधन नगरेको भन्दै मिटरब्याज पीडितले सरकारले बनाएको वार्ता टोलीसँगको वार्ता भंग गरेका हुन् । सहमति नजुटेपछि अब मिटरब्याज तथा ठगीविरुद्ध किसान मजदुर संघर्ष समितिले आन्दोलनलाई निरन्तरता दिने भएको छ । पाँच दिनसम्म भएको वार्तामा सरकारी वार्ता टोलीले पुरानै कुराहरु दोहोऱ्याएको भन्दै त्यसलाई स्वीकार गर्न नसकेर वार्ता भंग गर्नुपरेको संघर्ष समितिका प्रवक्ता निर्ग नवीनले जानकारी दिए । उनले समितिले राखेका ६ बुँदे मागमा सरकारी पक्षले कुनै वास्ता नगरेको पनि बताए ।

# सगरमाथा आरोहण गर्ने प्रहरीका कर्मचारीलाई झण्डा हस्तान्तरण



**काठमाडौं/मस–** सर्वोच्च शिखर सगरमाथा आरोहणमा जान लागेका नेपाल प्रहरी गण सामाखुसीमा कार्यरत प्रहरी वरिष्ठ नायब निरीक्षक पुरूषोत्तम नेपालीलाई झण्डा हस्तान्तरण गरिएको छ । नेपाल प्रहरीका महानिरीक्षक वसन्तबहादुर कुँवरले काठमाडौंमा आयोजित एक कर्याक्रमकाबीच नेपालीलाई राष्ट्रिय झण्डा, नेपाल प्रहरीको झण्डा, इन्टरपोलको झण्डा एवं आरोहणमा प्रयोग हुने सामग्री हस्तान्तरण गरेका हुन् ।

अन्तर्राष्ट्रिय प्रहरी सङ्गठन इन्टरपोल स्थापनाको शताब्दी वर्षको अवसरमा उनले सगरमाथा आरोहण गर्न लागेका प्रहरी प्रधान कार्यालयले जनाएको छ । सो अवसरमा प्रहरी महानिरीक्षक कुँवरले आरोहणमा जान लागेको टोलीलाई यात्राको सहज, सुखद एवं सफलताको शुभकामना व्यक्त गरे । साथै आरोहणमा साथ सहयोग एवं सहजीकरण गर्ने विभिन्न सरकारी निकाय तथा इलाइट हिमालयन एड्भेन्चरलाई पनि धन्यवाद दिए । प्रधानमन्त्री एवं गृहमन्त्रीस्तरको २०७९ फागुन २६ गतेको निर्णयानुसार उक्त सगरमाथा आरोहण स्वीकृत भएको थियो । नेपालीले माउन्टेनियरिङ तालिम प्राप्त गरी छ हजार चार सय ७६ मिटर उचाइको मिरा पिकलगायत अन्य हिमाल सफलतापूर्वक आरोहणको अनुभव प्राप्त गरिसकेका छन् ।

सन् १९२३ मा अष्ट्रियाको भियनामा स्थापना भएको इन्टरपोलले सफलतापूर्वक १००औं वसन्त पूरा गरेको अवसरमा इन्टरपोलको शताब्दी वर्ष मनाउने क्रममा नेपाल प्रहरीले पनि विभिन्न कार्यक्रमको आयोजना गरी मनाउने योजना बनाएको छ ।

यस आरोहणमार्फत कुनै पनि आपराधिक क्रियाकलाप हुन नदिने र कानून कार्यान्वयनमा नेपालको पूर्णरूपमा ऐक्यबद्धता रहेको भन्ने महत्त्वपूर्ण सन्देश विश्वसामु प्रवाह हुने र यसबाट नेपालको पर्यटन प्रवर्द्धन भई अर्थतन्त्रमा टेवा पुग्ने विश्वास गरिएको छ ।


हार्दिक शुभकामना



नव वर्ष २०८०
सालको उपलक्ष्यमा आम देशबासी, आमा–बुवा, दाजु–भाइ, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुको सु–स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

सुरेश कुमार मण्डल
पूर्व मन्त्री, मधेश प्रदेश तथा राजनीतिक समिति सदस्य
जसपा नेपाल



पथरी शनिश्चरे नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पथरी, मोरङ, कोशी प्रदेश, नेपाल

नव वर्ष २०८० सालको उपलक्ष्यमा आम नगरबासी, आमा–बुवा, दाजु–भाइ, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु–स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नगरबासीहरूमा जानकारी मूलक सन्देश

- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- कर समयमै तिरौं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरूवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । यस पालिकालाई बालश्रममुक्त बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरूमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।

श्री मोहनप्रसाद तुम्वापो — प्रमुख
श्री देवीमाया काफ्ले — उप–प्रमुख

पथरी शनिश्चरे नगरपालिका, पथरी, मोरङ



हनुमाननगर कंकालिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सप्तरी, मधेश प्रदेश

नव वर्ष २०८० सालको उपलक्ष्यमा आम नगरबासी, आमा–बुवा, दाजु–भाइ, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु–स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

उद्योग तथा व्यवसायका लागि उपभोक्ता हित संरक्षणमा जारी सूचना

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।

*वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।*

श्री बिरेन्द्र माझी — नगर प्रमुख
श्री सरिता देवी यादव — उप- प्रमुख

हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी, मधेश प्रदेश



सुन्दरहरैंचा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटचोक, मोरङ

नव वर्ष २०८० सालको उपलक्ष्यमा आम नगरबासी, आमा–बुवा, दाजु–भाइ, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु–स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

उद्योग तथा व्यवसायका लागि उपभोक्ता हित संरक्षणमा जारी सूचना

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।

वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।

श्री केदार प्रसाद गुरागाई — प्रमुख
श्री अकली चौधरी — उप–प्रमुख

सुन्दरहरैंचा नगरपालिका, विराटचोक, मोरङ



महाभारत गाउँपालिका
१ नं वडा कार्यालय गोकुले,काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

नव वर्ष २०८० सालको उपलक्ष्यमा आम गाउँबासी, आमा–बुवा, दाजु–भाइ, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु–स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गाउँबासीहरूमा जानकारी मूलक सन्देश

- सडक छेउ किनारामा निर्माण सामग्रीहर नराखौं ।
- घर निर्माण गर्दा घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरूमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनी विकासको हरेक काम कारबाही जानकारी राखौं । विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
- आफ्नो घर परिसरमा कम्तिमा २ वटा बहुवर्षीय बिरूवा रोपौं ।
- हरेक किसिमका हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा यस पालिकालाई सहयोग गरौं । सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।
- स्वस्थ रहन सरसफाईमा ध्यान दिऔं । आफ्नो घर आँगनबाट उत्पन्न हुने फोहोरमैलालाई उचित व्यवस्थापन गरी सफा, सुन्दर बनाउन सहयोग गरौं ।
- शौचालयमा दिसा, पिसाव गरेपछि साबुन पानीले हात धुने बानी बसालौं, जसबाट महामारीका रूपमा आउने रोगबाट बचौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । यस पालिकालाई बालश्रममुक्त बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्ष दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।

कान्छा लाल जिम्बा
अध्यक्ष

महाभारत गाउँपालिका, देविटार, काभ्रेपलाञ्चोक, बागमती, प्रदेश



तिलाठी कोईलाडी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तिलाठी, सप्तरी, मधेश प्रदेश

नव वर्ष २०८० सालको उपलक्ष्यमा आम गाउँबासी, आमा–बुवा, दाजु–भाइ, दिदीबहिनीहरू, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरूको सु–स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

उद्योग तथा व्यवसायका लागि उपभोक्ता हित संरक्षणमा जारी सूचना

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।

*वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।*

श्री अरूण कुमार मण्डल — अध्यक्ष
श्री फुलो कुमारी साह — उपाध्यक्ष

तिलाठी कोईलाडी गाउँपालिका, तिलाठी, सप्तरी, मधेश प्रदेश





मध्यान्ह
www.madhyanhadaily.com
१ वैशाख २०८०, शुक्रबार
14 April 2023, Friday

## सम्पादकीय

### बारको स्वभाविक चिन्ता

नेपाल बार एशोसियनले प्रधानन्यायाधीश नियुक्त गर्न सरकारलाई बुधबार १० दिने अल्टिमेटम दिएको छ । बारले पत्रकार सम्मेलन गरेर सरकारलाई प्रधानन्यायाधीश नियुक्त गर्न अल्टिमेटम दिएको हो । अल्टिमेटमभित्र माग पूरा नभए आन्दोलनको चेतावनी बारले दिएको छ । बारका अध्यक्ष गोपालकृष्ण घिमिरेले प्रधानन्यायाधीश नियुक्त गर्न नसक्नु शुभ संकेत नभएकाले आन्दोलनको विकल्प नभएको चेतावनी दिए । सर्वोच्च अदालत एक वर्षदेखि कामू नेतृत्वबाट चल्दै आएको छ । तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबरालाई गत वर्ष १ फागुनमा तत्कालीन सत्तारूढ दलका ९८ सांसदहरूले महाअभियोग लगाएका थिए । महाअभियोगसँगै जबरा निलम्बित भएका थिए । जबरा निलम्बित भएपछि वरिष्ठतम न्यायाधीश दीपककुमार कार्कीले सर्वोच्चको नेतृत्व गरे । तर जबराको महाअभियोग टुंगिएन ।

महाअभियोग नुटंगिदै जबराले गत मंसिरमा अवकाश पाए । जबराले अवकाश पाउनु अगाडि नै कामू प्रधानन्यायाधीश कार्कीले पनि अवकाश पाए । त्यसपछि ६ महिनादेखि न्यायाधीश हरिकृष्ण कार्कीले सर्वोच्चको नेतृत्व गर्दै आएका छन् । कार्कीको सेवा अवधि पनि अब पाँच महिना मात्रै बाँकी छ । तर अहिलेसम्म प्रधानन्यायाधीश नियुक्ति प्रक्रिया अगाडि बढाइएको छैन । बारका अध्यक्ष घिमिरेले यति लामो समयसम्म कामू नेतृत्वबाट न्यायालय चल्नु शुभ संकेत नभएकाले आन्दोलनमा उत्रिने चेतावनी दिए । जबरा निलम्बित हुनुअघि पनि सर्वोच्चको नेतृत्वले सहज रूपमा काम गर्न सकेको थिएन । जबराविरूद्ध सिंगो न्यायिक क्षेत्र आन्दोलित हुँदा २०७८ कात्तिकबाटै सर्वोच्च काम चलाऊ बन्न पुगेको थियो । त्यो शृङ्खला अझै टुंगिन सकेको छैन ।

न्यायालयको नेतृत्वबारे निर्णय हुन नसक्नुमा भने दलहरूको स्वार्थले काम गरेको लुकेको छैन । आफू अनुकुल प्रधानन्यायाधीश चाहने राजनीतिक नेतृत्वको स्वार्थका कारणले सर्वोच्च अदालतले यति लामो समय कामूको भरमा चल्नु परिरहेको छ । यसको असर भने दीर्घकालसम्म पर्ने देखिन्छ । किनकि आफू अनुकुल प्रधानन्यायाधीश खोज्ने प्रवृत्तिले सर्वोच्चले दीर्घकालसम्म नेतृत्व पाउने अवस्था रहँदैन । जबकी सर्वोच्चको नेतृत्वको बारे निर्णय न्यायाधीशहरूको वरिष्ठतम रोलक्रमअनुसार हुने प्रष्ट छ । न्यायाधीश नियुक्ति हुँदा संसदीय सुनुवाइ र सार्वजनिक उजुरी समेत लिइने भएकाले नेतृत्वबारे कुनै विवाद नहुनु संवैधानिक प्रक्रिया हो । तर त्यो प्रक्रियालाई समेत अवरोध गरिनुले न्यायालयप्रति आमनागरिकमा विश्वास कमजोर हुने मात्रै नभएर मुलुकको लोकतान्त्रिक निष्ठामा समेत गम्भीर प्रश्न उठ्न सक्छ । तसर्थ बारले ढिलै भएपनि प्रधानन्यायाधीश नियुक्तिको ताकेता कार्यान्वयन गर्नु नेतृत्वको दायित्व हो ।

# सनुचाँदी बजारका बहुआयामिक पक्षहरु

अग्रलेख



● नन्दलाल खरेल

नेपाली मौलिकताको जगेर्ना गर्दै रोजगारीका थप अवसरहरुको सिर्जना गर्ने, राजश्व अभिवृद्धिमा योगदान गर्ने एक महत्वपूर्ण व्यवसाय हो सुन-चाँदी क्षेत्र । मुलुकको समष्टिगत आर्थिक समृद्धिमा गरगहना (सुन-चाँदी) क्षेत्रको महत्वपूर्ण योगदान रहँदै आएको छ । नेपाल एक बहुभाषिक, बहुधार्मिक, विभिन्न परम्परा, भेषभूषा र संस्कृति भएको मुलुक हो । यो मुलुकमा जातीय तथा क्षेत्रीयरूपमा परम्परागत गरगहना र हाल आएर आधुनिक डिजाइनका परिस्कृत गरगहनाको प्रयोग भइरहेको छ । ढुंगे युगदेखि २१औं शताब्दीसम्म आइपुग्दा गहना लगाउने र सुन्दर देखिने देखाउन चलन झन् बढ्दोरूपमा देखिएको छ । मानिसको जन्मदेखि मृत्यु प्रयन्त आइपुग्दा विभिन्न पक्षसँग गासिएर गरगहनाको प्रयोग हुँदै आएको छ ।

सुनचाँदी बहुमुल्य धातु हो । यसको बहुआयमिक महत्व र उपयोगिता रहेको छ । यो सुखको गहना र दुःखको खजानाको रूपमा प्रयोग भइआएको पनि छ । सुनचाँदी व्यवसायले कला र सीपको क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको छ । मुलुकको सुनचाँदी व्यवसायमा ठूलो सम्भावना हुँदा हुँदै पनि राज्यको सोच त्यसलाई प्रवर्द्धन गर्ने दिशातर्फ जान सकेको छैन । यो क्षेत्रलाई सम्पूर्णरूपमा समेट्ने र सम्बोधन गर्ने कानूनको अपर्याप्तता रहेको सबै पक्षबाट महसुस भइरहेको छ । नेपालको परम्परागत मौलिक क्राफ्टम्यान सीप विश्व बजारमा बिख्यात हुँदाहुँदै पनि यसको उचित संरक्षण हुन नसक्दा लोपोन्मुख बन्न सक्ने खतरा बढेको छ । लगानीअनुसारको प्रतिफल नपाउँदा पेशाबाटै पलायन हुने अवस्था पनि बढिरहेको छ । यद्यपि, वर्तमान विश्व बजारमा ज्वेलरी क्षेत्रको योगदान तीव्र गतिमा बढिरहेको छ । मुलुकमा वर्षेनी अर्बौं मूल्यका बहुमूल्य धातु रत्न तथा पत्थरहरु आयात हुने गरेको छ । स्वदेशी खानीको उत्खनन् भइनै रहेको छ । तर, प्रशोधनपश्चात बहुमूल्य रत्न तथा पत्थरको स्तरमा निर्यात गर्न एवम् प्रयोग गर्न सकिने खनिजहरु सामान्य ढुंगाको तौल र मूल्यमा बाहिरिने गरेका छन् । यो हाम्रो लागि दुर्भाग्य हो ।

### आर्थिक क्रियाकलाप र रोजगारीमा अभिवृद्धि

नेपालको आभूषण क्षेत्रले आर्थिक क्रियाकलाप र रोजगारी अभिवृद्धिमा सकारात्मक योगदान पुऱ्याउँदै आएको छ । देशभरमा करिब २५ हजारको संख्यामा सुनचाँदी व्यवसायी छन् । लाखौंको संख्यामा यसले रोजगारी सिर्जना गरेको छ भने दशौं लाखको संख्यामा यो व्यवसायमा आश्रित परिवार रहेका छन् । वार्षिक झण्डै आठ अर्बको राजश्वमा राज्यलाई योगदान पुऱ्याउँदै आएको छ । यो एउटा सामान्य व्यवसाय मात्रै नरहेर ठूलो उद्योगको रूपमा रहेको छ । तर, सरकारले यो व्यवसायलाई ठूलो उद्योगको रूपमा हेरेको छैन । उद्यमशील प्रवर्द्ध र व्यवसायको यथेष्ट विकास नभएसँग आर्थिक, गतिविधि बढ्न सक्दैन । विकासशील मुलुकमा स्तरोन्नति हुन दिगो विकासको लक्ष्य हासिल गर्न तथा मुलुकलाई सम्पन्न र समृद्ध बनाउन राज्यले उद्योग तथा व्यवसाय प्रवर्द्धन गर्नुपर्छ । तर, पछिल्ला समय जिडिपीमा औद्योगिक क्षेत्रको योगदान क्रमशः घट्दो अवस्थामा छ । सरकारले रोजगारी सिर्जना गर्ने, मूल्य अभिवृद्धि गराउने, राजश्व बढाउने तथा निर्यात बढाउने क्षेत्रलाई विशेष संरक्षण गर्नु पर्छ । सुनचाँदी व्यवसाय यस्तै उद्योगभित्र पर्छ तर, सरकारले यस व्यवसायलाई कदर गर्न र प्रवर्द्धनमा सहयोग गर्न उल्लेख्य काम गर्न सकेको छैन ।

### कला, संस्कृति तथा परम्परासँग जोडिएको व्यवसाय

सुनचाँदी व्यवसाय आर्थिक पाटोसँग मात्रै जोडिएको छैन, यसले मौलिक सांस्कृतिक धरोहर, कला तथा परम्परासँग जोड्दछ । नेपाल परापूर्वककालदेखि नै विभिन्न कला कौशलले भरिपूर्ण देश हो भनेर विश्वसामु परिचित छ । विभिन्न कलाकौशलमध्ये यो व्यवसाय पनि एक प्रमुख कलात्मक व्यवसाय रहेको छ । नेपाली गहनाले आफ्नै स्वरूप र प्रवृत्ति पाउन मल्लकालीन सभ्यता र सो भन्दा अगाडीदेखिका सभ्यताको योगदान छ । ती समयमा गरगहना मूलतः सुनचाँदी, तामाका धातु र पत्थरबाट निर्मित थिए । परापूर्वक कालदेखि चल्दै आएका सुनचाँदीका गरगहना आजपनि जातजाती, धर्मसंस्कार अनुसार भेषभूषा, भाषाभाषी, चाडपर्व, रितिरिवाजमा फरक फरक ढंगले प्रयोग गरिएको पाइन्छ । यस्ता गहना पहिरिँदा सुन्दर, जाती तथा संस्कारगत पहिचानको साथै व्यक्तिको व्यक्तित्वमा पनि झल्किरहेको हुन्छ । मुख्यगरी औपचारिक कार्यक्रम चाडबाड, बिहेबारी जस्ता सामाजिक कार्यमा लगाइने सुनचाँदीका गरगहना धार्मिक हिसावले पनि शुद्ध मानिन्छ । मानिसको मृत्युदेखि मृत्युप्रयन्त आइपुग्दा विभिन्न पक्षसँग गाँसिएर गरगहनाको प्रयोग हुँदै आएको छ ।



> नेपाली सुनचाँदी बजार अहिले निकै सकसमा छ । एकातिर व्यवसायी पर्याप्त कच्चा सुनको अभावमा छन् भने अर्कोतिर राज्यको असहयोगी व्यवहारले समस्यामा छन् । सरकारले सुनचाँदी व्यवसायलाई सम्मानित उद्योगको रूपमा बुझ्नै सकेको छैन । यो क्षेत्रका समस्यालाई ध्यानै दिएको छैन । जसको कारण व्यवसाय पनि क्रमशः संकट उन्मुख छ ।

### सरकार व्यवसायीमैत्री भएन

पछिल्लो समयमा नेपालमा सुनचाँदी व्यवसाय बृहत उद्योग व्यवसायमा रूपान्तरण भइरहेको छ । राज्यले उठाएको राजश्वले चालू खर्च पनि धौधौ परिरहेको अवस्था छ । यस्तो अवस्थामा झण्डै आठ अर्ब राजश्वको योगदान रहेको यो व्यवसायलाई व्यवस्थित र नियमबद्ध बनाउनुको साटो व्यवसायीलाई अनेक बहानामा राज्यले दुःख दिइराखेको छ । राज्य सुनचाँदी व्यवसायी मैत्री बन्न सकेको छैन । राज्यले सुनको आयात कोटा सीमा घटाएको छ । यो आफैमा अत्यन्त अव्यवहारिक छ । यसले बजारको माग थेग्न सकिरहेको छैन । मुलुकभर २५ हजारभन्दा बढी सुनचाँदी व्यवसायी रहेको विद्यमान अवस्थामा १० किलो सुन वितरण गर्नु आफैमा चुनौतिपूर्ण छ । यो व्यवसायमा लगानीअनुसारको प्रतिफल एकदमै कम छ । यो व्यवसायलाई व्यवस्थित र मर्यादित गर्न ऐन, नियम कानून, निर्देशिकाको आवश्यक रहेको छ । तर, दशकौंदेखि संघ, महासंघले घच्घच्याउदा पनि अहिलेसम्म ऐन, निर्देशिका बन्न सकेको छैन । स्पष्ट मापदण्डसहितको कानूनी व्यवस्था नहुँदा सुनचाँदी व्यवसाय अन्यौल र जोखिममा पर्ने खतरा बढेको छ ।

### सुनचाँदी बजारमा समस्याहरु

सुनबजार अहिले संकटमा छ । विभिन्न समस्याहरुबाट यो व्यवसाय गुज्रिरहेको छ । बढ्दो मूल्यवृद्धिका कारण ग्राहक अत्यन्त कम आउन थालेका छन् । पर्याप्त मात्रामा कच्चा सुनसमेत व्यवसायीले पाउन सकेका छैनन् । सुन बजारलाई ३५-४० केजी सुन आवश्यक पर्छ । सरकारले छुट्याएको १० के.जी.को सीमाले व्यवसायलाई पुगिराखेको छैन । आर्थिक मन्दीको प्रभाव यो व्यवसायमा परेको छ । दक्ष कालीगढको अभाव, कच्चा सुनको अभाव, बढ्दो बैंकिङ्ग ब्याजदर, सुनमा भएको अवैध कारोवार यो व्यवसायका समस्याहरु हुन् । सबैभन्दा ठूलो समस्या व्यवसाय चलाउने ऐन, कानून र निर्देशिका नबन्नु रहेको छ । प्रशासननिक क्षेत्रबाट पनि अनेक दुःख व्यवसायीलाई पर्ने गरेको छ । माल जफत हुनेदेखि लिएर व्यवसायमा नै आँच आउने व्यवहार पाइन्छ । गहना निर्माण प्रायः विदेशी कालीगढमा निर्भर छ । उसको पुर्ण विश्वासका साथ काम गर्न दिँदा मिसावटदेखि लिएर सामान नै हराउने डर त्रास रहि रहन्छ । गरगहनाहरु एक ठाउँबाट अर्को ठाउँमा लैजानु साह्रै झन्झटीलो रहेको हुँदा यो पनि एउटा चुनौतिको रूपमा रहेको छ ।

### सुनमा बढ्दो तस्करी

मुलुकमा रहेका सुन व्यवसायीहरुलाई आवश्यक कच्चा सुन आपूर्ति कम हुँदा र दक्षिणी खुल्ला सीमा हुँदा सुनमा बढ्दो तस्करी भएको पाइन्छ । सरकारी निकायका उच्च पदस्थ र कतिपय ठूला व्यापारीसमेत सुन तस्करीमा लागेको विषय बाहिर आएको छ । नेपालमा विवाह सिजनमा ५० किलो सुन खपत हुने गरेकोमा औपचारिक माध्यमबाट केवल २० किलो मात्र आएको हुन्छ । अझ अहिले त १० केजी मात्र आउने गरेको छ । बाँकी सुनको बजार तस्करीले नै धानेको मानिन्छ । खुलारूपमा भइरहेको यो अपराधका खास अपराधी कहिल्यै फेला परेका छैनन् । पछिल्लो समयमा नेपाल ट्रान्जिटका रूपमा विकसित भइरहेको छ । एकै समूहले क्विन्टल बढी सुन तस्करी गरेको समाचारले नेपालमा सुन तस्करीको स्थिति प्रष्ट पार्दछ । नेपालमा त्रिभुवन विमानस्थलमार्फत र चिनियाँ नाका हुँदै वार्षिक ९० देखि ९५ टनसम्म सुन तसकरी हुन सक्ने आकंलन गरिएको छ । सुन तस्करी रोक्न सरकारले विशेष पहल गर्न सकेको छैन । खासगरी राजस्व अनुसन्धान विभागले भरियालाई पक्राउ गरेर मुद्दा चलाउने र प्रहरीले तस्करका नाइकेलाई पक्राउ गरेर दिँदा उनीहरु छुट्ने गरेकोले पनि तस्करी बढेको पाइन्छ । २०७० सालमा पक्राउ गरेका अभियुक्तमध्ये भरिया जेलमा छन्, मालिकहरु भने छुटिसकेको अवस्था छ । तेस्रो मुलुकका कतिपय कुख्यात अपराधिको समेत आश्रयस्थल बन्दै आएको छ । सहज आवगमन विदेशीप्रति कुनै किसिमको आशंका नगरी सहजै स्वागत गर्ने र उदार प्रदर्शन गर्ने प्रचलनको फाइदा गलत तत्वले उठाउँदै आएका छन् । कुनै व्यक्ति मुलुकभित्र छिर्दा कुन उद्देश्यले छाएको हो, उसको संलग्नता, पेशा, व्यवसायमा आवद्धता कुन क्षेत्रमा छ भन्ने जस्ता विषयमा विस्तृत जानकारी नलिएका कारण अपराधिक चरित्रका व्यक्तिहरुले पछिल्लो समयमा नेपाललाई आधार बनाएर अन्तराष्ट्रिय अपराधहरुमा संलग्न हुने गरेको पाइएको छ । यसतर्फ जिम्मेवार निकाय सचेत हुन जरुरी छ ।

निष्कर्षमा, नेपाली सुनबजार अहिले निकै सकसमा छ । व्यवसायीलाई पर्याप्त कच्चा सुनको अभाव छ । व्यवसायीलाई पर्याप्त कच्चा सुनको व्यवस्था मिलाउने दायित्व राज्यको हो । नेपाली अर्थतन्त्रमा सुनचाँदी बजारको महत्वपूर्ण योगदान छ । यो व्यवसायलाई राज्यले उद्योगको जस्तो मान्यता दिनुपर्छ । यसलाई एउटा सानो व्यवसायको रूपमा आकंलन गर्नु हुँदैन । सरकारले ठोस नीति नियम बनाई यस क्षेत्रलाई प्राथमिकताको सूचीमा राखी अघि बढेमा व्यवसायीको भविष्य मात्र होइन मुलुक समृद्धिको दिशामा अघि बढ्नुको साथै समग्र राष्ट्रको सर्वाङ्गीण विकास हुन्छ ।

## सामाजिक सञ्जाल



**- नीलाम्बर आचार्य**

अमेरिका-रुस, चीन-अमेरिका, भारत-चीन, अमेरिका-यूरोप-चीन अरूको विवादमा हामी तानिनु हुँदैन, जोगिनुपर्छ । अनि हामीलाई असर पर्दा बोल्न हच्कन पनि हुँदैन । बदलिँदो अन्तरराष्ट्रिय परिवेशप्रति हामी चनाखो रहनुपर्छ ।



**- सुर्यराज आचार्य**

पुराना दल भ्रष्टाचार/बिसंगतिका बाहक बनेका छन् । तर, यो नबिर्सौं कि विगतका संघर्षमय घडिमा यिनै दलका नेताले दल र आफ्ना सहकर्मीका लागि ज्यानैसम्म उत्सर्ग गरेका घटना छन् । यी दलको विकल्प ठानिएको नयाँ दलमा शुरुवाति चरणमै पदको लुछाचुँडीमा मुद्दा-मामिला समेत गर्ने शैलीले के सन्देश जाला ?



**- प्रेम घर्तीमगर**

पार्टी गठन भएको छ महिनामै उल्लेख्य मतसहित संसदको ठूलो दल भएपछि असिनपसिन भएका ठूला र पुराना भनिएका दलहरु यतिबेला जसरी भएपनि रास्वपा र विशेषगरी; रवि लामिछानेलाई सिध्याउन भएभरको बल प्रयोग गरिरहेका छन् । त्यसको लागि मिडियालाई पनि प्रयोग गरेको कुरा कतैबाट छिपेको छैन ।



**- उशाकिरण तिमिल्सिना**

आज पार्टी खोल्यो, भोलि सांसद र पर्सी मन्त्री, अर्को दिन असुली धन्दा, अर्को दिन कोर टिम र फेरि कोर टिमको खुलासा गर्ने धम्की ! न विचार छ न सिद्धान्त ! पुराना दलहरु फेरिनु पर्छ । नयाँहरु पुरानाका बेथितीका पुनर्उत्पादन हुन् । यिनीहरुलाई गाली गरेर हुन्न ।

# सूचनाको हक र सूचना प्रविधिको भूमिका

विचार



● सूर्यप्रसाद लामिछाने

नागरिक अधिकारको संरक्षण र सम्बर्द्धन गर्नु राज्यको मुख्य दायित्व हो । राज्यले संविधान तथा अन्य विभिन्न कानुनहरुको माध्यमबाट नागरिकहरुको लागि विभिन्न हक तथा अधिकारको प्रत्याभूत गर्दछ । नेपालको सन्दर्भमा हेर्ने हो भने आधारभूत अधिकारका रूपमा संविधानमै व्यवस्था गरी मौलिकहकको सुनिश्चितता गरेको पाइन्छ । विभिन्न अधिकारहरुमध्ये सूचनाको हकको रूपमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने वा पाउने हकको व्यवस्था नेपालको वर्तमान संविधानको धारा २७ व्यवस्था गरिएको छ । नेपालको सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा २९ (ङ) मा सूचनाको हक भन्नाले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना माग्ने र पाउने अधिकार सम्झनुपर्छ । सो शब्दले सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमूना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत प्राप्त गर्ने अधिकारसमेतलाई जनाउँछ भनी परिभाषित गरेको छ ।

लोकतान्त्रिक शासन प्रणालीमा नागरिकमा नै सार्वभौमसत्ता र राजकीयसत्ताको साँचो हुन्छ । सार्वभौम जनताले राज्यबाट भए/गरेका काम कारबाहीबारे जानकारी पाउने अधिकार प्राप्त गरेका हुन्छन् । राज्य सञ्चालनमा संलग्न संस्था र पदाधिकारीहरुले गरेका गतिविधिबारे आमजनतालाई जानकारी प्रदान गर्ने दायित्व उनीहरुमा रहन्छ । सूचनाको हकले पारदर्शीताको प्रबर्द्धन गर्दै गोप्य कार्य संस्कृतिलाई खुल्ला कार्य संस्कृतिमा रूपान्तरित गर्नमा सहयोग पुऱ्याउनमा मद्दत गर्दछ । यिनै अधिकार र दायित्वको सेतुको रूपमा सूचनाको हकसम्बन्धि कानुनी व्यवस्थालाई कार्यान्वयन गरिएको हो । संवैधानिक प्रबन्धका अलवा नेपालमा सूचनाको हकको प्रत्याभूत गर्न कानुनी र संस्थागत व्यवस्था गरिएको छ सूचनाको हकसम्बन्धी ऐन, २०६४ र नियमावली २०६५ प्रमुख कानुनहरु कार्यान्वयनमा रहेका छन् । त्यसैगरी नागरिकको सूचनाको हकको संरक्षण, सम्बर्द्धन र प्रचलन गर्नका लागि राष्ट्रिय सूचना आयोग क्रियाशील रहेको देखिन्छ । यसका साथै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू समेत सूचनाको हकको प्रत्याभूत गराउनका लागि सक्रिय रहेको पाइन्छ ।

नेपालमा सूचनाको हक सम्बन्धमा अभिलेख संरक्षण ऐन, २०४६ मा हेर्न निषेध गरिएका अभिलेखबाहेक अरु अभिलेख जोसुकैले दस्तुर तिरी लिनसक्ने भन्ने व्यवस्था गरिएको छ । त्यस्तै, सूचनाको हकसम्बन्धी ऐन, २०६४ ले कस्ता विषयका सूचनाहरु प्रवाह गरिने छैन भनी निर्दिष्ट समेत गरेको छ त्यस्ता विषयहरू यहाँ उल्लेख गरिएको छ । नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय गम्भीर खलल पार्ने, अपराधको अनुसन्धान तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने, आर्थिक, व्यापारिक तथा मौट्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ्ग वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने, विभिन्न जातजाति वा सम्प्रदायबीचको सुसम्बन्धमा प्रत्यक्ष रूपमा खलल पार्ने, व्यक्तिगत गोपनीयता र व्यक्तिको जिउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुऱ्याउने विषयहरुका साथै सार्वजनिक निकायहरूले प्रवाह गर्न मिल्ने र नमिल्ने सूचनाहरु छुट्याएर प्रवाह गर्न मिल्ने सूचना भने उपलब्ध गराउनु पर्ने हुन्छ ।


प्रत्येक सार्वजनिक निकायमा नागरिकको सूचनाको हकको सम्मान र संरक्षण गर्नु गराउनुपर्ने दायित्व रहेको छ । जसका लागि सार्वजनिक निकायले सूचना वर्गीकरण र अद्यावधिक गरी समय समयमा सार्वजनिक, प्रकाशन तथा प्रसारण गर्ने गराउने, सूचनामा नागरिकको पहुँच सरल र सहज बनाउने, आफ्ना काम कारबाही खुला र पारदर्शीरूपमा गर्ने, आफ्ना कर्मचारीको लागि उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था गर्ने, सूचना सार्वजनिक, प्रकाशन वा प्रसारण गर्दा विभिन्न राष्ट्रिय भाषा तथा आमसञ्चारका माध्यमबाट गर्न सक्नेछ । सार्वजनिक निकायहरुले सूचना उपलब्ध गराउने व्यवस्थाका लागि सूचना अधिकारीको व्यवस्था गरेको पाइन्छ र आवश्यकता परेको खण्डमा सूचना शाखाको समेत व्यवस्था गर्नसक्ने हुन्छ । सूचना अधिकारीसमक्ष सिधै सम्पर्क गर्न सक्नेगरी निजहरूको टेलिफोन र मोबाइल नम्बर तथा इमेल ठेगानासमेत कार्यालय परिसर र वेबसाइटमा समेत सार्वजनिक गरिएको हुन्छ । जसले गर्दा सेवाग्राही र सरोकारवालाहरुले आफूलाई आवश्यक सूचना स्पष्टरूपमा र यथोचित समयमा प्राप्त गर्न सक्दछन् । पछिल्ला दिनहरुमा सूचना माग गर्ने व्यक्तिले बढी मात्रामा इमेलमार्फत सूचना माग गरेको पाइन्छ । जसले गर्दा छिटो सूचना प्राप्त गर्न सकिने गरेको छ । अर्कोतर्फ सूचना माग गर्ने र प्रवाह गर्नेबिच कहिलेकाहीँ असमाञ्जस्यता सिर्जना हुने गर्दछ । यस्तो अवस्थामा सूचना माग गर्ने व्यक्ति र सम्बन्धित सूचना अधिकारीबिच आपसी छलफल र भेटघाट गरि खोजि गरेको सूचना दिने र लिने गर्ने व्यवहारको विकास गर्नु राम्रो हुन्छ ।

सूचना माग गर्ने व्यक्तिको सूचनाको हकलाई प्रत्याभूत हुने गरी सूचना माग गर्ने, प्राप्ति गर्ने विधिसमेत निर्माण भएको छ, सूचनाको दुरूपयोग गर्न नहुने कुनै पनि व्यक्तिले सार्वजनिक निकायबाट प्राप्त गरेको सूचना जुन प्रयोजनको लागि प्राप्त गरेको हो सोही प्रयोजनको लागि प्रयोग नगरी दुरूपयोग गर्न हुँदैन । उक्त प्रयोजन विपरीत कुनै व्यक्तिले सूचनाको दुरूपयोग गरेमा सम्बन्धित सार्वजनिक निकायले सो सम्बन्धमा राष्ट्रिय सूचना आयोग समक्ष उजूरी गर्न सक्ने कानुनी व्यवस्थासमेत रहेको छ ।

*(नेपाल दुरसञ्चार प्राधिकरण स्वतन्त्र कर्मचारी युनियनद्धारा प्रकाशित स्मारिकाबाट)*

## तपाईंको राशिफल

- मेष : महत्वपूर्ण भेटघाट हुनेछ । नयाँ काम बन्ने योग छ ।
- वृष : बाहिरी सम्बन्ध राम्रो रहनेछ । अर्कामाथि भरोसा नगर्नु होला । ।
- मिथुन : अनावश्यक खर्च हुनेछ । व्यर्थको यात्रा र परेशानी हुने योग छ ।
- कर्कट : राजनीतिक कार्य सफल हुनेछ । जग्गा खरिदको योग छ ।
- सिंह : स्वास्थ्य राम्रो रहनेछ । तर, सम्बन्धहरुमा विवाद आउने योग छ ।
- कन्या : विदेश यात्रा तथा रोजगार प्राप्तिको योग छ ।
